सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

# स्थानीय राजपत्र

खण्ड: ६ संख्या :०६ मिति: २०७९/०६/०६

## भाग-२
## सानीभेरी गाउँपालिका
## गाउँ कार्यापालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

सम्बत २०७९ सालको कार्यविधि नं. २

### सानीभेरी गाउँपालिका गाइ भैसीलाइ सुत्केरी पशु आहारा प्रोत्साहन भत्ता अनुदान कार्यक्रम सन्चालन कार्यविधि २०७९

१. पृष्ठभुमि

गाइ भैसीले वेत भरि दिने दुधको परिमाण व्याएको दुइ महिना भित्र दिएको दुध उत्पादनमा निर्भर रहेको हुन्छ ।सो अवधि भित्र लैनो पशुले बढी दुध दिन सकेमा मात्र सोहि अनुपातमा सो वेत भरि नै उत्पादन कायम राख्न सकिन्छ । त्यसैले सो अवधि पशु को अति महत्वपुर्ण अवस्था रहेको र यस अवस्थामा नै नवजात बाच्छाबाच्छी पाडापाडीको स्याहारसुसार गर्ने भएकोले आवश्यकता अनुसारको सन्तुलित आहारा र अन्य स्याहार सुसारको लागि कृषकहरुमा जागरण ल्याउन आवश्यक ठानी सानीभेरी गाउँपालिकाले विमित गाइ भैसीलाइ सुत्केरी भत्ता अनुदान कार्यक्रमलाइ सरल र सहज व्यवस्थित प्रभावकारी र पारदर्शि रुपले कार्यन्वयन गर्ने सानीभेरी गाउँ कार्यपालिकाबाट यो कार्य विधि जारी गरिएको छ ।

२. **परिभाषाः** विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **गाउँपालिकाः** भन्नाले सानीभेरी गाउँपालिकालाइ सम्झनु पर्दछ ।

ख) **अध्यक्षः** भन्नाले सानीभेरी गाउँपालिकाको अध्यक्षलाइ सम्झनु पर्दछ ।

ग) **उपाध्यक्षः** भन्नाले सानीभेरी गाउँपालिकाको उपाध्यक्षलाइ सम्झनु पर्दछ ।

घ) **प्रमुख प्रशासकिय अधिकृतः** भन्नाले दफा ८४ बमोजिमको सानीभेरी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाइ सम्झनु पर्दछ ।

ङ) **कार्यपालिकाः** भन्नाले गाउँ कार्यपालिका तथा नगर कार्यपालिका सम्झनु पर्दछ ।

च) **न्यायिक समितिः** भन्नाले सविधानको धारा २१७ बमोजिमको न्यायिक समिति सम्झनु पर्दछ

छ) **आर्थिक विकास समितिको सयोजकः** भन्नाले गाउँपालिकाको विषयक्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समितिको सयोजक सम्झनुपर्दछ ।

ज) **पशु सेवा शाखाः** भन्नाले सानीभेरी गाउँपालिका अन्तर्गत पशु सेवा शाखा सम्झनु पर्दछ ।

झ) **वडाः** भन्नाले सानीभेरी गाउँपालिकाका सबै वडाहरुलाइ सम्झनु पर्दछ ।

ट) **प्राविधिक समितिः** भन्नाले वडा अध्यक्षको सयोजकत्वमा गठित विषयगत क्षेत्रको प्राविधिक सम्मीलित ३ सदस्यीय समितिलाइ बुझाउछ ।

ठ) **कार्यविधिः** भन्नाले गाइभैसीलाइ सुत्केरी पशु आहारा प्रोत्साहन भत्ता अनुदान कार्यक्रम सन्चालन कार्यविधि २०७९ लाइ सम्झनु पर्नेछ ।

## ३. उद्देश्यहरु

क. दुधालु पशुको लैनो अवस्थामा थप स्याहारसुसार र उचित पोषणको माध्यामबाट दुध उत्पादन बृद्धि गरी सोहि अनुपातमा वेत भरि नै दुध उत्पादन कायम राख्ने

ख. बाच्छाबाच्छी तथा पाडापाडीको मृत्यदर कम गरी उचित बृद्धिदर तौल तथा गुणस्तर कायम राख्ने

ग. पशुको दुइ वेतको अन्तर कम गरी उत्पादन लागत घटाउने

४. कार्यक्रम सन्चालन हुन स्थानहरुः सानीभेरी गाउँपालिकाका सबै वडाहरु

५. कार्यक्रम अवधिः यो कार्यक्रमको अवधि एक वर्षको हुनेछ ।र आवश्यकता अनुसार विस्तार गर्दै लैजान सकिने छ ।

६. कार्यक्रम सन्चालनका लागि कृषक छनौटका आधारहरुः

क. एक वा एक भन्दा बढी दुहुना गाइभैसी पालेको

ख. अनिवार्य रुपमा पशु विमा गरेको हुनु पर्नेछ ।

ग. सम्बन्धित पशु सेवा शाखामा फर्म दर्ता गरेको वा वडामा गठित प्राविधिक समितिको सिफारिस हुनु पर्नेछ ।

घ. सम्बन्धित पशु सेवा शाखा वा वडाबाट पशु व्याउने वा व्याएको प्रमाण वा वडाको सिफारिस सहित निवेदन पेश गरेको हुनु पर्नेछ ।

ङ. आधिकारिक निकायबाट गरीवी प्रमाणित गरिएका कृषक वा सुचिकरण भएका कृषकलाइ प्रथमिकता दिइनेछ ।

७. कार्यक्रम सन्चालनका लागि साझेदार छनोट प्रक्रिया

क. सानीभेरी गाउँपालिका पशु सेवा शाखाले अनुसुचि १ बमोजिमको दरखास्त आह्वान गर्नेछ ।

ख. अनुदान प्राप्त इच्छुक दफा ६ अनुसारको मापदण्डः पुरा गरेको कृषकहरुले सम्बन्धित सानीभेरी गाउँपालिका पशु सेवा शाखामा निवेदन पेश गर्नु पर्नेछ ।

ग. प्राप्त निवेदनहरु वडामा गठित वडा स्तरीय प्राविधिक समितिमा पेश गर्नु पर्नेछ ।

घ. वडामा गठित वडा स्तरीय प्राविधिक समितिले पेश भएका विवरणका आधारमा कृषकहरु छनोट गर्नेछ ।प्रति कृषक प्रति सुत्केरी गाइ/भैसी रु ३००० का दरले अनुदान रकम उपलब्ध हुने गरी प्राथमिकताका आधारमा कृषक छनोट गर्नेछ ।

ङ. विनियोजित बजेटबाट पुग्ने सख्याका कृषक भन्दा बढी आवेदन परेको हकमा गरीवको सुचिमा परेकालाइ प्राथमिकता दिइ सुचि तयार गरिनेछ ।यसो गर्दा पनि कृषक सख्या बढी भएमा पहिले व्याउने पशुलाइ पहिलो प्राथमिकता दिइ कृषक छनोट गरिनेछ ।कृषक छनोट गर्ने अन्य आधार वडा स्तरीय प्राविधिक समितिको सिफारिस बमोजिम हुनेछ ।

च. कृषकहरु छनौट भएका कृषकहरुले यो कार्यविधि अनुसारको अनुदान रकम प्राप्त गर्नेछन ।

८. सेवा सन्चालन प्रक्रियाः यस कार्यक्रम बमोजिमको सेवा सन्चालन गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क. सानीभेरी गाउँपालिका पशु सेवा शाखा र छनौट भएका कृषकहरु बीच अनुसुचि २ अनुसार सम्झौता गरिनेछ ।

ख. अनुदान प्राप्त गर्ने छनौट भएका कृषकलाइ सानीभेरी गाउँपालिका कार्यलयबाट सम्बन्धित कृषकको खातामा भुक्तानी गरिनेछ ।

ग. पशु व्याइ नसकेका र व्याउन अवस्थाको प्रमाण सहित निवेदन पेश गरेर अनुदान प्राप्त गर्न छनौट भएका कृषकहरुले पशु व्याएको प्रमाण र वडाको सिफारिस सहित अन्य कागजातहरु सानीभेरी गाउँपालिका पशु सेवा शाखामा पेश गरेपछि मात्र आवश्यक प्रक्रिया पुरा गरेका कृषकलाइ भुक्तानीका लागि गाउँपालिकामा सिफारिस गरिनेछ ।

९. गाइभैसीलाइ सुत्केरी पशु आहारा भत्ता अनुदान कार्यक्रम कार्यन्वयनको लागि प्रस्तावित आर्थिक नर्मस

| क स | कार्यक्रमको विवरण | इकाइ | रु प्रति हजार प्रति कृषक |
|---|---|---|---|
| १. | सुत्केरी प्रोत्साहन भत्ता | प्रति कृषक /प्रति भैसी | रु ३०००। |

१०. आर्थिक प्रशासन सेवाः कार्यक्रमको लेखा लेखाङ्कन लेखापरिक्षण तथा आथिक कारोबार गर्दा आर्थिक कार्यविधि एन २०५५ आर्थिक कार्यविधि नियमावली २०६४ सार्वजनिक खरिद एन २०६३ सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम गरिनेछ ।

११. अनुगमन मुल्याङकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः यस कार्यक्रमको अनुगमन सानीभेरी गाउँपालिका पशु सेवा शाखाले गर्नेछन । र सो को मासिक चौमासिक तथा वार्षिक प्रतिवेदन र प्रगति आवश्यक परेको खण्डमा पशु सेवा शाखा वा पशु अस्पताल तथा पशु सेवा कार्यलयमा पठाउन सकिनेछ ।

क) यस कार्यविधि अनुसार काम भए नभएको सम्बन्धमा अनुगमन गर्न तपशिल बमोजिमको एक अनुगमन समिति रहनेछ र सो समितिले वडाबाट प्राप्त अभिलेखलाइ आधारमानी अनुगमन गरी दिएको प्रतिवेदनका आधारमा अनुदान रकम दिइनेछ ।

१) आर्थिक विकास समितिको सयोजकः सयोजक
२) प्रमुख प्रशासकीय अधिकृतः सदस्य
३) पशु सेवा शाखा प्रमुख वा निजले तोकेको कर्मचारीः सदस्य सचिव

१२. बाधा अडकाउ फुकाउनेः यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा अडकाउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्ने छ ।

१३. परिमार्जनः गाउँ कार्यपालिकाले यो कार्यविधि जुनसुकै समयमा सशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

अनुसुचि १

सानीभेरी गाउँपालिका भित्रका कृषकहरुका विमित पशु गाइभैसीलाइ सुत्केरी प्रोत्साहन भत्ता अनुदान कार्यक्रमको लागि दरखास्त आह्वानको सुचना

सानीभेरी गाउँपालिका पशु सेवा शाखाको आ. व. .................... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशुपालक कृषकहरुका विमित पशु गाइ भैसीलाइ सुत्केरी प्रोत्साहान भत्ता अनुदान कार्यक्रम सन्चालन गरी वेतभरि नै बढी दुध उत्पादन कायम राख्ने, दुइ वेतको अन्तर कम गर्ने र पाडापाडी बाच्छाबाच्छीको स्वास्थ्य तन्दुरुस्त राख्ने तोकिए बमोजिमका मापदण्डहरु पुरा गरेका कृषकहरुबाट आवेदनका लागि यो सुचना प्रकाशित गरीएको छ ।इच्छुक कृषकहरुले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकएको ढाँचा अनुसारको आवेदन फाराम यस कार्यलयमा पेश गर्नु होला ।विस्तृत जानकारीका लागि सानीभेरी गाउँपालिका पशु सेवा शाखामा सम्पर्क राख्नु हुन अनुरोध छ ।

कार्यक्रम सन्चालनका लागि कृषक छनोट तथा भुक्तानीका आधारहरु

अनुदान प्राप्त गर्न चाहने कृषकले सम्बन्धित सानीभेरी गाउँपालिका पशु सेवा शाखामा रु. १० को हुलाक टिकट सहितको निवेदन पेश गर्नु पर्नेछ ।

- एक वा एक भन्दा बढी दुधालु गाइ/भैसी पालेको हुनु पर्नेछ ।
- पशुको अनिवार्य विमा गरेको हुनु पर्नेछ ।
- अनिवार्य माउ र बाच्छाबाच्छी पाडापाडीको र सम्बन्धित कृषक देखिने गरी फोटो पेश गर्नु पर्नेछ ।
- वडाको सिफारिस पत्र
- वडास्तरीय प्राविधिक समितिको निर्णयको प्रतिलिपी एक/एक प्रति

अनुसुची २

सानीभेरी गाउँपालिका भित्र रहेका विमिति गाइभैसीलाइ सुत्केरी प्रोत्साहन भत्ता अनुदानको लागि सानीभेरी गाउँपालिका र राम बहादुरखडका बीच भएको द्बिपक्षिय सम्झौता

सानीभेरी गाउँपालिका भित्र रहेका कृषकहरुका विमित पशु गाइभैसीलाइ सुत्केरी प्रोत्साहन भत्ता अनुदान कार्यक्रमको उद्देश्य अनुरुपको उपलब्धी हासिल गर्न सानीभेरी गाउँपालिका पशु सेवा शाखा यस पछि पहिलो पक्ष भनिने र ..........................................................सानीभेरी गाउँपालिका वडा न ........का श्री/श्रीमती/सुश्री ..................................... ...त्यस पछि दोस्रो पक्ष भनिने बीच तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि कार्यक्रम सन्चालन गर्ने द्बिपक्षिय सम्झौता सम्पन्न भयो ।

१. दोस्रो पक्षले तपशिल बमोजिमका कार्यहरु गर्नु पर्नेछ ।

- अनुदान रकम बाट लैनो माउ र बाच्छाबाच्छी पाडापाडीको विशेष स्याहार सुसार गर्नु पर्नेछ ।
- पौष्टिक दाना मिनरल ब्लक, भिटामिन, ड्रेन्चिङ, खोप आदिको व्यवस्था गर्नु पर्नेछ ।
- पशु वस्तुको स्वास्थ्य व्यवस्थापन र उत्पादन एव उत्पादकत्व बृद्धिका कार्यहरु गर्नु पर्नेछ ।
- अनुदान कार्य अवधि समाप्त भएपछि पनि कृषकले कार्यक्रमलाइ निरन्तरता दिनु पर्नेछ ।
- दोस्रो पक्षबाट गर्नु पर्ने कार्यहरु सन्तोषजनक नपाएमा प्रचलित कानुन बमोजिम कार्वाहिको भागिदारी हुनु पर्नेछ ।
- अनुदान प्राप्त गर्ने कृषकले प्राप्त अनुदानबाट गरेका क्रियाकलापहरुको प्रतिवेदन पशु सेवा शाखामा पेश गर्नु पर्नेछ ।

| | |
|---|---|
| प्रथम पक्षः | दोस्रो पक्षः |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

मितिः

आज्ञाले

दिपक बुढाथोकी

प्रमुख प्रशासकीय अधिकृत